आज मिति २०६६ साल माघ ६ गते मायादेवी गाउँपालिका अध्यक्ष श्री ध्रुवनारायण चौधरीज्यूको अध्यक्षतामा तपसिलबमोजिम उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री ध्रुवनारायण चौधरी | अध्यक्ष | |
| श्री तारादेवी यादव | उपाध्यक्ष | तारा देवी |
| श्री पल्टु लोध | सदस्य | Paul / रामनारायण |
| श्री रामनारायण पाल | सदस्य | |
| श्री मोहम्मद रफिकखाँ | सदस्य | |
| श्री धनपाल मल्लाह | सदस्य | |
| श्री रामचन्द्र यादव | सदस्य | |
| श्री राजेन्द्र यादव | सदस्य | रामचन्द्र |
| श्री रामाशंकर यादव | सदस्य | रामाशंकर |
| श्री लोकबहादुर थापा | सदस्य | |
| श्री जसोदा कोहार | सदस्य | जसोदा |
| श्री रिना चौधरी | सदस्य | |
| श्री सुकन्तला बनिया अहिरी | सदस्य | |
| श्री सीतादेवी विश्वकर्मा | सदस्य | सीता |
| श्री विक्रमबहादुर कुमार | सदस्य | |
| श्री अशोक कुमार लोध | सदस्य | |
| श्री विष्णुप्रसाद दुंगाना | सचिव | |

आमन्त्रित

| | |
|---|---|
| श्री ओमेश कुमार गौरे | ले. अ. |
| श्री प्रमिला पन्थ | प्रा. अ. |
| श्री नवराज दुंगाना | स इन्जिनियर |

प्रस्ताव -

१. रु. २५ लाख का सो भन्दा बढीका गाउपालिका स्तरीय योजना कार्यान्वयन सम्बन्धमा

निर्णय नं.१. गाउपालिका स्तरीय रु. २५ लाख र सो भन्दा माथिका योजना कार्यान्वयन सम्बन्धमा हाल सम्म पनि कार्य प्रगती अगाडि बढ्न नसकेकोले यथाशिघ्र आवश्यक प्रकृया अगाडि बढाई कार्यान्वयन गर्ने निर्णय गरियो।

२. पत्रपत्रिका हरुमा आदेश विना छापिएका सूचनामूलक विज्ञापन को भुक्तानी सम्बन्धमा।

निर्णय नं.२ - पत्रपत्रिका हरुमा कार्यालयको आदेश विना छापिएका सूचनामूलक विज्ञापनको भुक्तानी सम्बन्धमा राष्ट्रिय स्तरको पत्रपत्रिकाहरुको हकमा रु. ५०००/- र स्थानीय स्तरको पत्र पत्रिकाको हकमा रु. ३०००/- भुक्तानी गर्ने निर्णय गरियो

३. हिउदे सभाको मिति तथा तयारी सम्बन्धमा।

निर्णय नं.३ - मायादेवी गाउपालिकाको आउदो हिउदे गाउसभा यही माघ महिनाको २९ गते बुधवारको दिन देखि आयोजना गर्ने साथै सो का लागि आवश्यक तयारीको कार्य समेत अगाडि बढाउने निर्णय गरियो।

४. हरहरवा बारमा लागत अनुमान बमोजिमको रकम उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं.४ - मायादेवी गाउपालिका वडा नं. ३ अन्तर्गत रहेको हरहरवा बारमा तटबन्ध निर्माण गर्ने सम्बन्धमा हरहरवा गाउबाट दानव नदीको किनारमा गाउ तथा बारी संरक्षणको लागि वडा बाट समेत सिफारिस भई आएकोले उक्त कार्यको लागि प्राविधिकको लागत - अनुमान बमोजिम गाउपालिकाको तटबन्ध नदीनियन्

प्रस्ताव :-

५- मर्मत सम्बन्धमा ।

निर्णय नं. ५ - सूर्यपुरा इलाका प्रहरी कार्यालय, रुपन्देहीको पत्रानुसार गाडी मर्मत संभारको वापत रकम माग भएकोमा सम्बन्धमा रु. ३०००० (तीस हजार) सो वापत उपलब्ध गराउने निर्णय गरियो ।

६- रोजगार सेवा केन्द्रबाट माग गरी काममा खटाउने सम्बन्धमा ।

निर्णय नं. ६ - यस मायादेवी गाउपालिकाको रोजगार सेवा केन्द्र द्वारा जम्मा ४३४ जना बेरोजगार व्यक्तिहरु सूचिकृत भएको सम्बन्धमा सोही बमोजिमको व्यहोरा जानकारी गरियो साथै सार्वजनिक विकास निर्माणका आयोजना हरुमा आवश्यक पर्ने श्रमिकहरु स्थानीय मातहतका रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मध्ये बाट माग गरी काममा लगाउने निर्णय गरियो ।

७- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. ७ - यस मायादेवी गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा हाल सम्म थोरै मात्र उपभोक्ता समितिहरुले योजना संझौता गरेको र अधिकांश योजनाहरु संझौता भई कार्यान्वयन गर्न ढिलाई भएकोले यथाशीघ्र उ.भो समितिलाई संझौताका लागि अनुरोध गर्ने निर्णय गरियो ।